१२३

# राष्ट्रिय सूचना आयोगको
## आदेश
मु.नं. २२६/२०७१/०७२

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रिताल समेत ...............................................१ निवेदक

विरूद्ध

कार्यालय प्रमुख, शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय, धनकुटा .....................१ विपक्षी

सूचना अधिकारी, शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय, धनकुटा .....................१

विषय :- कानून बमोजिम कारवाही गरी सूचना उपलब्ध गराई पाउँ ।

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रिताल समेतले शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय, धनकुटा समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।०९।०३ मा निवेदन गरेको र यस आयोगबाट मिति २०७१।०९।२४ को आदेश बमोजिम शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय, धनकुटाको मिति २०७१।१०।२३, च.नं. ३४०, प.सं.२०७१/०७२ को पत्र मार्फत निवेदकले माग गरेको सूचना निवेदकलाई उपलब्ध गराएको बोधार्थ पत्र आयोगमा प्राप्त हुन आएकोले यस सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्ने । यसको जानकारी निवेदकलाई दिनू ।

| | | |
|---|---|---|
| .................... | .................... | .................... |
| यशोदा देवी तिम्सिना | किरण कुमार पोखरेल | कृष्णहरि बाँस्कोटा |
| (सूचना आयुक्त) | (सूचना आयुक्त) | (प्रमुख सूचना आयुक्त) |

ईति सम्वत् २०७१ साल फागुन १५ गते रोज ६ शुभम् ।